# राइनास नगरपालिका

## तेस्रो नगर सभा - २०७५

## नीति तथा कार्यक्रम

नेपालको प्रदेश नं. ४ अन्तर्गतको लमजुङ जिल्लाको दक्षिण पूर्वी भाग एंव मर्स्याङ्दी र चेपे नदीको विचमा अवस्थित यस राइनास नगरपालिका नेपालको एक ऐतिहासिक भूमि हो । यस ऐतिहासिक नगरपालिकामा हामी पदाधिकारीहरुले संघीय नेपालको संविधान वमोजिम सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा निर्वाचित भै कार्यकालको एक वर्ष पूरा गरिसकेका छौ । यस अवधिमा दुई वटा नगर सभा सम्पन्न गरी तेश्रो नगर सभा आयोजना गरेका छौ । ऐतिहासिक, धार्मिक, प्राकृतिक, संस्कृति र इतिहासको धरोहर बोकेको यस राइनास नगरपालिकाको तेस्रो नगरसभाको अवसरमा नगर प्रमुखको हैसियतले आ.व. ०७५।०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अन्यन्त हर्ष विभोर भएको छु । यस अवसरमा राष्ट्र र जनताको भलाइको लागि प्राण त्याग गर्ने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस गरिमामय समारोहमा उपस्थिति प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, लगायत सम्पूर्ण सभासदहरुलाई राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

**आदरणीय महानुभावहरु**

योजनाबद्ध विकास प्रक्रिया अवलम्वनका बावजुद अपेक्षित रुपमा आर्थिक विकास र सोको प्रतिफल समतामूलक रुपमा वितरण हुन नसकेको, वर्ग, क्षेत्र, लिङ्ग, र समुदायकै विभिन्न बर्गबीच असमानताको खाडल कायमै रहेको र सीमित आर्थिक बृद्धिको लाभ पनि नगरपालिकाको सवै क्षेत्र र वर्गबीच समान रुपमा पुग्न नसकेको अवस्था अहिले पनि कायमै रहेको छ । राइनास नगरपालिका आर्थिक विकासको दृष्टिले अत्यन्त संभावनायुक्त भएपनि विकासको समग्र उपलब्धी अझै पनि आशातित् रुपमा हासिल गर्न सकिएको छैन । विकासका अवसरहरुलाई विपन्न र पछाडि परेका समुदायसम्म पुर्याउन आवधिक योजना, सडक गुरूयोजना, अन्य क्षेत्रगत योजना, विपन्नता स्तरीकरण, स्रोत नक्साङ्कन जस्ता आधारभुत सूचनाहरुको एकिकृत उपयोग पद्धति स्थापना हुन नसक्दा हाम्रा योजना तथा कार्यक्रमहरु अझ पनि उपलब्धीमूलक हुन सकिरहेका छैनन् । हामीसंग उपलब्ध सिमित स्रोतलाई बैज्ञानिक तरिकाले प्राथमिकताका आधार तय गरि सूचक र नतिजामा

आधारित लगानी प्रक्रियासंग आबद्ध गर्न नसक्दा हामीले गरेको लगानीको प्रतिफल महसुस गर्न सकिएको छैन ।

**श्रद्धेय उपस्थित महानुभावहरु,**

अव म चालु आ. व. २०७४।०७५ को हालसम्मको अवधिमा हामीले हासिल गरेका मुख्य मुख्य उपलव्धीहरुबारे संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

गत वर्ष २०७४ असारमा सम्पन्न प्रथम नगर सभा र माघमा सम्पन्न दोश्रो नगर सभाद्धारा रु ३४ करोड ११ लाख ७९ हजारको कूल वजेटबाट रु १२ करोड ८४ लाख २५ हजार पूजिंगत तथा कार्यक्रमको खर्चमा विनियोजन गर्ने गरि कार्यक्रम पारित गरिएको थियो । नेपाल सरकारद्धारा वित्तीय सामानीकरणमा रु १५ करोड र सशर्त अनुदान तर्फ रु १३ करोड २१ लाख २९ हजार र सामाजिक सुरक्षा भत्ता वापत ४ करोड ३७ लाख ५२ हजार गरी जम्मा रु ३२ करोड ५८ लाख ८१ हजार रकम मात्र प्राप्त हुन आएको छ । हामीले योजना कार्यक्रम तर्जुमा गर्दा सवै क्षेत्र, वर्ग र भूगोलमा सवोंधन गर्ने गरी २९८ वटा योजना तथा कार्यक्रम स्वीकृत गरिएको थियो । जसमा ९० वटा सडक मात्रै थिए ।

**योजना सञ्चालन गर्दा लिईएको नीतिगत व्यवस्था**

- आर्थिक विकासका लागि नगरपालिकामा कार्यरत प्राविधिकहरुको समन्वयमा कृषिमा रहेको निर्वाहमुखी प्रवृत्तिलाई प्रतिस्थापन गरि व्यवसायिक खेती प्रणाली विकास गर्न कृषि खेती तथा पशुपालन गर्ने कृषकहरुलाई विउ विजन, कृषि औजार, औषधी लगायत सामग्रीमा पचास प्रतिशत अनुदानमा उपलव्ध गराईएको । साथै कृषिमा व्यवसायिक प्रणालीको प्रवर्दन गर्न नगद सहयोग समेत गरिएको ।
- वि.सं. २०७२ साल वैशाख १२ को विनासकारी भूकम्पले क्षति पुऱ्याएका नीजि आवास अनुदानको घर निर्माण गर्न सहजता गराउन नगरपालिका भित्र रहेका सवै साना ठूला सडक योजनाहरु यातायात सञ्चालन हुने गरी सडक मर्मत सम्भार गरिएको र भूकम्प प्रभावित लाभग्राहीहरुलाई भवन निर्माण गर्न सामग्री ढुवानीमा सहज बनाइएको छ ।

- नगरपालिकाको रणनीतिक सडकको रुपमा रहेको धमिलीकुवा-तीनपिप्ले-वोराङखोला-प्यारजुङ सडकको चौडा गरी कम्तिमा दुई लेनको वनाईएको ।
- नगरपालिकाको शैक्षिक रणनीति तयार गर्ने प्रकृयाको थालनी गरिएको र विद्यालयमा शैक्षिक गुणस्तर तथा भौतिक सुधारको प्रयास गरिएको ।
- स्वास्थ्य चौकीहरुलाई व्यवस्थित वनाईएको र औषधीको अभाव नहुने व्यवस्था मिलाईएको ।
- खानेपानीको अभाव रहेका गांउ वस्तीहरुमा सा-साना खानेपानी योजना सञ्चालन गरीएको ।
- नगरपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा सुविधालाई छिटो छरितो र सहज तुल्याउन प्रयास गरिएको । सिमित कर्मचारीहरुको वावजुद प्रभावकारी सेवा उपलव्ध गराउन प्रयास गरिएको ।

## उपस्थित महानुभावहरु

अव म नगरपालिकाको एकिकृत विकासका लागि आगामी आर्थिक बर्ष २०७५।०७६ को बार्षिक योजना तर्जुमा गर्दा लिइएका आधारहरु र क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आ.व. २०७५/७६ का लागि नगरपालिकाको आन्तरिक आय रु ७२ लाख, नेपाल सरकारबाट वित्तिय सामानीकरणमा रु ७ करोड ३० लाख, राजश्व बाँडफाडबाट रु ४ करोड ८८ लाख ६६ हजारको वजेट सिलिङ प्राप्त भएको, सर्शत अनुदानमा १९ करोड ४८ लाख र प्रदेश सरकारबाट वित्तिय समानिकरणमा १ करोड १३ लाख ५१ हजार र राजश्व बाँडाफँडबाट रु २१ लाख ७५ हजार ८ सय साठी, सामाजिक सुरक्षा भत्ता रकम करिव ५ करोड र नगरपालिका कार्यालय भवन निर्माण गर्न सशर्त रकम रु. २ करोड प्राप्त हुने अनुमान गरि कूल जम्मा रु ४० करोड ८९ लाख ९२ हजार ८ सय साठी को योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ । नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको आफ्नै आन्तरिक आयबाट समेत गरी रु ९ करोड ७० लाख ७८ हजार ८ सय साठी पूंजिगत कार्यक्रममा विनियोजन गरिएको छ ।

आगामी आव ०७५।७६ को बार्षिक योजना निर्माण गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघीय सरकार र प्रदेश सरकारको निती तथा कार्यक्रम समेतलाई  प्रमुख आधार बनाइएको छ। नगरपालिकाले क्षेत्रगत रुपमा आगामी आ.व.को लागि लिएका प्रमुख नीतिहरु देहाय वमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु।

**शिक्षा तर्फ**

- यस नगरपालिकामा भै रहेको आधारभूत विद्यालय र माध्यमिक विद्यालयका शैक्षिक र भौतिक वातावरण व्यवस्थित हुनेछ। नैतिक शिक्षा, व्यवहारिक शिक्षाका अतिरिक्त अङ्ग्रेजी भाषामा समेत अध्ययनमा प्रोत्साहन गरिनेछ।
- यस नगरपालिकाको वडा नं. ९ स्थित श्री भैरव मा.वि.मा चीन सरकारको सहयोगमा नेपालको नमुना होस्टेल, सेमिनार हल सहितको सुविधा सम्पन्न विद्यालय भवन यसै वर्ष सम्पन्न हुदैछ ।  उक्त विद्यालय सम्पन्न हुना साथ प्राविधिक शिक्षा अन्तर्गत कृषि विज्ञान पढाई सञ्चालन गरिने छ।
- श्री शिशु विद्याश्रम मा.वि.मा यही वर्ष बाट नै प्राविधिक शिक्षा अन्तर्गत सिभिल इन्जिनियरिङ पढाई संञ्चालन गरिएको छ।
- वडा नं. ४ मा रहेको श्री शौभाग्यदय मा.वि.मा नेपाल सरकारको लगानीमा नमुना भवनको निर्माण कार्य यसै वर्ष बाट शुरु गरिनेछ।  त्यस्तै गरि प्राविधिक शिक्षा अन्तर्गत भेटेनरी शिक्षा पढाइ भइ रहेको श्री शैलपुत्री मा.वि.मा समेत नेपाल सरकाको लगानीमा नमुना विद्यालय भवन यसै वर्षवाट निर्माण कार्य शुरु गरिनेछ।
- पूर्ण साक्षर रहेको नगरपालिका भित्रका उमेर पुगेको सवै बालवालिका विद्यालय गएका छन्।
- सवै विद्यालयमा वाल विकास केन्द्र रहेको छ। साथै वाल मैत्री विद्यालय बनाइने छ।
- शिक्षा अनिवार्य र मर्यादित हुनेछ। नगरपालिका भित्र एक गुरुकुल आश्रम शिक्षा प्रदान गर्ने उद्देश्यले एक विद्यापिठ स्थापना गर्न प्रयास गरिनेछ।
- विद्यालय, कलेज र सवै वडाहरुमा सार्वजनिक सामुदायिक पुस्तकालय निर्माण तथा ई लाइव्रेरीको व्यवस्था गरिने छ।

- सबै माध्यमिक विद्यालयमा ई हाजिरी यसै वर्ष वाट सुरु गरिने छ भने क्रमश सिसि क्यामराको व्यवस्था गरि विद्यालय शिक्षालाई चुस्त, दुरुष्त वनाइने छ ।
- यस नगरपालिकामा हालसम्म एउटा पनि कलेज नभएको हुँदा यसै वर्षवाट स्नातक तहसम्मको पढाई हुने कलेज स्थापना गरिनेछ ।
- रा.न.पा. वडा नं. ८ शिर्खामा इस्लामी इल्मी मदर्शा विद्यालयलाई थप संरक्षण दिइनेछ ।

**स्वास्थ्य तर्फ**

- यस नगरपालिका भित्र रहेका ३ वटा (मोहोरियाकोट, प्यारजङ र भलायखर्क) स्वास्थ्य चौकीको स्तर उन्नतिलाई यस वर्ष पनि प्राथमिकता दिइने छ, भने स्वास्थ्य चौकी नभएका वडाहरुमा यसै वर्षबाट स्वास्थ्य चौकी निर्माण शुरु गरिनेछ ।
- चक्रतिर्थ स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालको रुपमा विकास गरिनेछ ।
- योग, प्राकृतिक चिकित्सा, आयुर्वेद लगायत तनाव व्यवस्थापनमा ध्यान साधान स्थलको रुपमा नियमित कार्यक्रम रहनेछन् । बुढ्यौली व्यवस्थापनको प्रशिक्षण लाई नियमित गरिनेछ ।
- एक घर एक घारा अवधाण अनुरुप प्रत्येक घरमा स्वच्छ खानेपानीको व्यवस्था आगामी ३ वर्ष भित्र सम्पन्न गरिने छ । राइनासकोटमा लिफ्ट प्रविधिद्धारा खानेपानी पुर्‍याइनेछ ।
- तीनपिप्ले र तार्कुघाटको औषधालयको स्तर बृद्धि गरिने छ ।
- नगरपालिका भित्र एक जडिवुटी प्रशोधन केन्द्र स्थापना गरिने छ ।
- फोहोर व्यवस्थापनमा सड्ने र नसड्ने गरि सबै घर, पसल, विद्यालय, बजार क्षेत्रका फोहोर स्वयं घर गाउँ टोलमा नै व्यवस्थित गर्न आवश्यक व्यवस्था गरिनेछ । फोहोरलाई मोहरमा रुपान्तरण गरिनेछ । जसले गर्दा डम्पिङ साईटको विकराल समस्या नगरपालिकामा आउने छैन भन्ने विश्वास राखिएको छ ।
- यस नगरपालिकाको एक मात्र अस्पताल सहोदर अस्पतालको भवन निर्माण सम्पन्न गर्नको लागि प्रदेश र केन्द्र सरकारसंग पहल गरिनेछ ।

## कृषि, पशुपंक्षी विकास तर्फ

- ब्याबसायीक कृषि तथा पशुपालनका लागि संभाब्य क्षेत्र पहिचान तथा त्यस्ता क्षेत्रलाई पकेट क्षेत्र घोषणा गरि कृषि तथा पशुपालनका क्षेत्रमा नतिजामूलक योजना प्रक्रियालाई अवलम्वन गरिने छ।
- यस नगरपालिका भित्र रहेको जग्गालाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरिनेछ। युवाहरुलाई विशेष अनुदान दिई स्वरोजगारको रुपमा कृषि क्षेत्रलाई अगाल्न प्रोत्साहन गरिनेछ। जग्गा बाँझो राख्न नपाइने कानुन तत्काल निर्माण गरिने छ।
- भौगोलिक हिसावले ठाउँ अनुसार कृषि क्षेत्रलाई विशेष पकेट क्षेत्र घोषणा गरिनेछ। नगरपालिका भित्र सम्भाव्यता अध्ययन गरि एक स्थानमा अर्गानिक कृषि केन्द्रको स्थापना गरिनेछ।
- नगरपालिकाको माथिल्लो भेगमा फलफुल तथा तरकारी र पशुपंक्षी पालनमा विशेष जोड दिइनेछ।
- हिउदे र बहुबर्षे पोषिलो घांस खेतीलाई प्राथमिकता दिइने छ।
- नगरपालिकाको तल्लो समथर भूभागमा सिंचीत क्षेत्र छ। त्यसमा तरकारी वाली र खाद्यन्न वालीलाई आधुनिक कृषि प्रणालीका साथ उत्पादन बृद्धि कार्यक्रममा जोड गरिने छ।
- दूध, अण्डा र मासुजन्य उत्पादन बृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन तथा उत्पादनको विविधिकरण र सहज बजार पहुंचको लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ। जस अनुसार
- ५०० भन्दा बढी कुखुरा पाल्ने, २० भन्दा वढी बाखा पाल्ने, १० भन्दा वढी गाई भैंसी पाल्ने, २० भन्दा वढी वंगुर पाल्ने, १० वटा भन्दा वढी टनेल बनाई तरकारी खेती गर्ने, १०० भन्दा वढी फलफूल विरुवा रोप्ने, १०×१० मिटरका २ वटा भन्दा वढी पोखरीमा माछा पाल्ने कृषकहरुलाई व्यवसायिक किसान घोषण गरी आर्थिक तथा प्राविधिक सहयोग र अनुदान उपलब्ध गराइनेछ।

- ➢ २ भन्दा वढी तान लगाई घरेलु तान सञ्चालन गर्ने र ५ वटा भन्दा वढी सिलाई मेसिन राखी सिलाई चलाउने उद्यमीहरुलाई साना उद्योगी घोषणा गरी सहुलियत प्रदान गरिनेछ ।

**वन तथा वातावरण तर्फ**

- नगरपालिका क्षेत्रभित्रका सवै वन जङ्गलहरु संरक्षित हुनेछन् । संगठित वन उपभोक्ता समितिहरुको क्षमता वृद्धि गरि वन संरक्षणमा उत्कृष्टता हाँसिल गरिने छ ।
- राइनासकोट वरपरको क्षेत्रलाई विशेष संरक्षण क्षेत्र घोषणा गरिनेछ ।
- बोराङखोला, दोभान देखि चेपेघाट र चेपेघाट देखि तार्दीखोला दोभान सम्मको चेपे र मर्स्याङदी किनारमा भएका बनबुटा संरक्षण र थप वृक्षारोपण गरि ग्रिनवेल्ट ( हरित क्षेत्र) बनाई त्यसमा हरित प्राकृतिक मार्ग हुनेछ । जसले भुक्षय रोक्ने, वातावरण जोगिने, जंगल र नदीको संगममा प्राकृतिक यात्रा गर्न पर्यटकीय क्षेत्र बन्नेछ । उक्त क्षेत्रमा जलयात्रा समेत संञ्चालनमा ल्याइनेछ । वीच - वीचमा टि सप र पार्क बनाउन प्रयास गरिनेछ ।
- पाखामा खाली बाँझो जग्गामा कृषि बन प्रणाली अपनाइनेछ । जस अनुसार ठूला रुख र छहारिमा हुने खेती गर्न स्थानीय समुदायलाई प्रोत्साहन स्वरुप नगरपालिकाबाट लगानी गरी आय आर्जनमा बृद्धि गरिने छ ।

**जीविकोपार्जन (स्वरोजगार)**

- नगरपालिका भित्रको सिचाई पुगेको खेतीयोग्य जमिनमा पूर्वाधार भन्दा नगदे वाली तथा अन्य खेती तर्फ आर्कषण गरिने छ । उत्तम विऊ विजनको व्यवस्था गरि प्रत्येक घरमा एक टनेल र २।२ घार मौरी भएको करेसावारी निर्माण गरिनेछ । भने माथिल्लो भेगमा व्यवसायिक रुपमा बाखा, कुखुरा, तरकारी, फलफूल, जडिबुटी, मौरी, गाई फर्म आदि नगरपालिकाबाट अनुदान स्वरुप कृषकहरुलाई त्यस तर्फ उन्मुख गराइने छ ।

- राइनास नगरपालिकालाई माछामा निर्भर गरिने छ । यस नगरपालिकाको चेपे खोलाको किनार र मर्स्याङदी नदीको किनार क्षेत्रलाई मत्स्य विकास क्षेत्र बनाइने छ ।
- नगरपालिका भित्रको सवै बासिन्दा कुनै न कुनै सहकारीमा शेयर सदस्य हुनु पर्नेछ ।
- बोराङखोला, चक्रतीर्थ, धमिलीकुवा, तार्कुघाट, प्यारजुङ र मोहोरियामा १।१ स्थानीय उपज तरकारी फलफूल तथा वीऊ विजन संकलन केन्द्र स्थापना गरिनेछ । साथै चक्रतीर्थ, मोहोरिया, रागिनासकोट र हर्रावोटमा कृषि पर्यटनको स्थापना गर्न दातृसंस्थाको खोजी गरि आगामी २ वर्ष भित्र स्थापना गरिनेछ ।

## पूर्वाधार

### सिंचाई पूर्वाधार

- उपभोक्ता समितिमार्फत निर्माण हुने सिंचाई आयोजनाहरुको दिगो ब्यवस्थापनको लागि योजना संझौतामानै उल्लेख गरि मर्मत सम्भार कोष तथा सेवा शुल्क लिने नीति अवलम्बन गरिने छ ।
- राइनासटार सिंचाई आयोजना गत वर्ष देखि पुन निर्माण भइ रहेको र यसलाई निरन्तरता दिइनेछ ।
- पाङ्ग्रे हर्राबोट, तार्दीखोला सिंचाई सुब्यवस्थित र नियमित गरिनेछ ।
- स्थानीय खोलाहरुबाट चलाइएका परम्परागत कुलाहरुको स्तरोन्नती गरिनेछ ।
- हरेक गाउँ वस्ती माथि एक जलाशय तथा आकाशे पानी पोखरी संकलन केन्द्र बनाउन प्रोत्साहन गरिनेछ । पशुपन्छी तथा चरनमा जाने पशुहरुका लागि र पर्यावरण संरक्षण, पानीको मुहान संरक्षण गर्ने कामलाई तिव्र रुपमा अगाडि वढाइने छ ।
- स्थानीय खोलाहरुमा ढाँडखोला, भैंसीखोला, लुपुखोला, सातविसे खोला, तीनपिप्ले खोला, सिम्ले खोला, स्याउली खोला, बोराङखोलाहरुको सिरानमा एक एक पानी संकलन पोखरी बनाइनेछ । नहरमा भन्दा माथिको जग्गामा सिंचाईको लागि ती पोखरीको पानी उपयोग हुनेछ । यस कार्य आगामी ३ वर्षमा पूरा गरिनेछ । यस वर्षमा राईनासकोट र मोहोरियाकोटमा एक/एक पोखरीको निर्माण गरिनेछ ।

❖ नगरपालिका भित्र रहेको खोलाहरुको दायाँवायाँ बोटविरुवा संरक्षण रोपण गर्ने कार्य शुरु गरिने छ ।

**<u>सडक पूर्वाधार</u>**

- मध्य पहाडी लोकमार्ग यो नगरपालिका भएर जानेछ । जसले गर्दा काठमान्डौ र पोखरा संग सोझै सडकको पहुँच वढ्ने छ ।
- धमिलीकुवा लोकमार्ग देखि बोरोङखोला - प्यारजुङ भञ्ज्याङ र लोकमार्ग हर्राबोट देखि प्यारजुङ सम्मको सडकलाई कालो पत्रे गरिनेछ । यो राइनास नगरपालिकाको रिङरोड र चक्रपथको रुपमा निर्माण हुनेछ । यसको कार्य यस वर्षबाट थालानी गरिनेछ । यो सडक निर्माण प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा गरिनेछ ।
- चेपेघाट-जिम्मल चौतारा लोकमार्ग सम्म आगामी ४ वर्ष भित्र कालो पत्रे गरिने छ ।
- भैरवस्थान-कुडुँले-सिमधारी-कोकेगाउँ सडक आगामी ४ वर्ष भित्र स्तरोन्नती गरिने छ ।
- हरितमार्ग टुनिगैरा देखि राइनासकोट सम्म १५०० मिटर आगामी ४ वर्ष भित्र कालो पत्रे गरिने छ ।
- धमिलीकुवा लुपुगाँउ मोहोरियाकोट सडकको स्तरोन्नती गरिनेछ ।
- वाईसजागर पाँचभाई सडकको स्तरोन्नती यसै वर्षवाट गरीनेछ ।
- चेपे र मर्स्याङदीमा गरी ४ वटा मोटरेवल पुलले यस नगरपालिकालाई जोडिसकेको र बोराङखोला, थालाजुङ चेपे नदीमा पुल निर्माणधिन रहेको साथै तीनपिप्ले भडारथोक, सातविसे पारी वयापानी खण्डमा चेपे नदीमा पुल निर्माण गर्न पहल गरिने छ । राइनास -०८ माझी गाउँ देखि - सुन्दर वजार फुलबारीमा पुल निर्माण गर्न पहल गरिने छ । साथै राइनास नगरपालिका -०९ र दोर्दी १ भारते महादेव स्थान तार्दी खोला मोटरेवल पुल निर्माण गरी यस नगरपालिकालाई ८ वटा मोटरेवल पूलले जोड्न पहल गरिनेछ ।

- नगरपालिका भित्रका अन्य मुख्य सडक र शाखा सडक मार्गहरुमा ग्रावेल भै बाह्र महिना यातयात चल्ने व्यवस्था आगामी ५ वर्ष भित्र गरिने छ।

- हालसम्म निर्माण भएका सडक, सिँचाई, खानेपानि सम्बन्धि भौतिक पूर्वाधारहरुको दिगोपना कायम गर्न मर्मत संभार कार्ययोजना बनाई क्रमश: कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ।
- सडक निर्माणमा मेशिन प्रयोगलाई न्यूनीकरण तथा ब्यवस्थित गर्न भारी उपकरण प्रयोग सम्बन्धि नीति निर्माण गरि कार्यान्वयन गरिने छ।
- पूर्वाधार तथा सडक निर्माणका कारण भएको वातावरणीय क्षती न्यूनीकरण तथा सुधारका लागि नगरपालिकावाट संचालित १५ लाख भन्दा माथिका सडक आयोजनाहरुमा **वातावरणीय संरक्षणका लागि लागतको ३ प्रतिशत रकमको ब्यवस्था गरि** सोहि आयोजना सम्बद्ध बातावरण संरक्षणको कार्यमा खर्च गरिने छ।

**पदमार्ग**

- हर्राबोट-बगुवा-मोहोरिया-साउनेपानी हुदै राइनासकोटको
- महादेवस्थान-साततले-राइनासकोट
- धमिलीकुवा-लुपुगाउँ-मोहोरिया साउनेपानी हुदै राइनासकोट
- चक्रतिर्थ मन्दिर सातविसे-बोहोरा गाउँ हुँदै राइनासकोट
- बोराङखोला-पन्थेडाँडा आँठस्वाँरा हुँदै राइनासकोट
- राइनासकोट-खोरभञ्ज्याङ हुँदै डाँडैडाडा प्यारजुङ भञ्ज्याङ माथि उल्लेखित पदमार्ग सिडी लगाई व्यवस्थित बनाइनेछ। यी मार्गहरु पर्यटकीय रुपमा आकर्षण हुनेछ।
- रा.न.पा. को केन्द्र तीनपिप्लेवाट बोहोरागाउँ हुँदै राइनासकोट
- जेठाक-ज्यामिरेगाउँ-पन्थेडाँडा-आँठस्वारा हुदै राइनासकोट

**विद्युत / बैकल्पिक उर्जा**

- नगरपालिका भित्रका सबै घरहरुमा विद्युत सेवा उपलब्ध गराइनेछ।
- सवै घरहरुमा वैकल्पिक उर्जाको रुपमा सोलार व्यवस्था मिलाउने कार्यक्रम ल्याइनेछ।

- प्रायः ९० प्रतिशत घरमा बायोग्याँस प्लाण्ट शौचालय जडित अभियान संञ्चालन गरिने छ ।
- सबै घरमा धुँवा रहित चुल्हो बनाउने अभियानलाई तिव्र रुपमा अगाडि बढाइनेछ ।
- ब्रिकेट कोइलाको व्यवसायिक उत्पादन गर्न नगरपालिकाको सवै वडाका महिलालाई तालिम दिइनेछ ।
- मुख्य वजार क्षेत्र, बोराङखोला, सातविसे, तीनपिप्ले, धमिलीकुवा, पाँचभाई, तार्कुघाट, हर्राबोट, सर्वोदय सेवाश्रम, राइनासकोट, प्यारजुङमा सोलार सडक वत्तीको व्यवस्था गर्न प्रयास गरिने छ ।

## सूचना / संञ्चार

- यस राइनास नगरपालिकामा अप्टिकल फाइवरको व्यवस्था गरिनेछ । ल्याण्डलाइन सेवालाई विशेष प्राथमिकतामा राखिनेछ ।
- राइनासकोट गाउँ होमस्टे नमुना पर्यटकीय गाउँको रुपमा तिव्र रुपमा विकास गरिनेछ । इन्टरनेट जडान गरिनेछ ।
- सरकारी हुलाक सेवा स्तरीय र आधुनिक संञ्चार सामग्री पूर्ण हुनेछ ।
- कम्प्युटर शिक्षालाई अनिवार्य रुपमा विद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ ।
- प्राइभेट सेक्टरलाई इन्टरनेट जडानमा प्रोत्साहन गरिनेछ ।
- नगरपालिकाको छोटो परिचय सहितको नक्सा होडिङबोर्डको कार्यलाई व्यवस्थित गरिनेछ ।
- राइनास नगरपालिकाको परिचय झल्कने बृत्त चित्र र ब्रोसियर तयार गरी वेभ साईटमा राखिनेछ ।
- नगरपालिका लगायत सवै मा.वि हरुमा विद्युतिय हाजिरीको व्यवस्था यसै वर्षबाट शुरु गरि सकिएको छ ।
- F.M. सञ्चालनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

## बस्ती विकास

- नगरपालिका भित्र रहेका बस्तीहरुलाई एकीकृत घरहरु भै व्यवस्थित बसोवास गर्न प्रयत्न गरिने छ । वस्तीहरुमा ग्रामिण सडक पुगि सकेको छ । क्रमश ग्रामिण सडकलाई स्तरोन्नती गरिनेछ ।

- हरेक वस्तीहरुलाई परिचयात्मक रुपले चिनाउने/झल्काउने कलर कोडिङको व्यवस्थालाई तीव्ररुपमा अगाडि वढाइनेछ ।
- सवै नयाँ घरहरु भूकम्प प्रतिरोधात्मक हुनेछन् । सवै घरहरुको अभिलेखीकरण नगरपालिकाबाट भइ रहेको र यसलाई अझ प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- नहरको सिचाई पुगेको जग्गामा वस्ती विकास नभई खेती विकासमा जोड दिइनेछ ।

**समाज कल्याण**

- वडा कार्यालय नभएको वडाको आफ्नै वडा कार्यालय भवन बनाउने प्रक्रियाको थालनी गरिने छ । जनताका सामान्य कामकाजलाई स्थानीय वडा कार्यालयबाट नै हुने गरि ऐन कानुनको निर्माण गरिने छ ।
- नगरपालिका भित्रका हरेक टोल तथा वस्तीहरुमा एक/एक सामुदायिक भवनलाई निरन्तरता दिइनेछ ।
- तार्कुघाट, धमिलीकुवा, चक्रतिर्थ जस्ता सम्भाव्यता ठाउँको अध्यायन गरि एक/एक वाल उद्यानको निर्माण गरिनेछ ।
- राइनास न.पा. वडा नं. ०८ मा संञ्चालित अर्गानिक कृषि विउ विजन संकलन केन्द्रलाई स्तरोन्नती गरिने छ । एक नमुना अर्गानिक कृषि तालिम केन्द्र तथा नर्सरीको उत्पादनको केन्द्र वनाइनेछ । जसले नगरपालिका भित्र रहेका अन्य कृषकहरुलाई प्रत्यक्ष प्राविधिक सहयोग पुर्‍याउने छन् ।
- नगरपालिकाको विभिन्न राजनैतिक तथा प्रशासनिक तहमा पूर्ण समानुपातिक, समावेशिता, सहभागिता र संलग्नाता भएको हुनेछ ।
- न.पा.मा बाल हेल्पलाईन डेस्क हुनेछ ।
- सामाजिक सुरक्षाको भत्ता बैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- साहित्य तथा संगीत क्षेत्रलाई प्रोत्साहन गरीनेछ ।

## पुरातात्विक, ऐतिहासिक, मठमन्दिर देवलाय, सँस्कृति प्रवर्दन तर्फ

- यस नगपालिकाको नामाकरण भएको राइनासकोट एक ऐतिहासिक, धार्मिक, प्राकृतिक र साँस्कृतिक धरोहर हो । त्यसको महत्व, विशे एक पर्यटकीय क्षेत्र ऐतिहासिक राइनासकोटको महत्व, विशेषता, इतिहासलाई उजागर गरि प्रचार प्रसार संरक्षण सम्बर्धन भई विशेष पर्यटकीय आकर्षणको केन्द्र बनाइने छ ।
- मोहोरियाकोटमा राष्ट्रिय विभूति भक्ति थापाको १५ फिट अग्लो शालिक निर्माण गरिने छ । सो भक्तिपार्क निर्माण कार्य यसै वर्षबाट निर्माण कार्य थालनी गरिनेछ । धमिलीकुवा नयाँ पौवा शिवलाय मन्दिर तथा पार्क निर्माण कार्य गत वर्षवाट शुरु भएको छ । यसलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र रहेका अन्य मठमन्दिर, देवलाय, पाटीपौवाको खोज अनुसन्धान संरक्षण सम्बर्धनमा तिव्रता दिइनेछ । रुद्रदेवी मन्दिर, पन्थेडाँडको कालिका मन्दिर, बोराङ रामकृष्ण मन्दिर, रागिनासकोट, थानीमाई, बडारेदेवी, सन्तानेश्वर मन्दिर टिमुरे, प्यारजुङको जोगीनी गुफा, बोराङखोला मनकामना मन्दिर, चक्रतीर्थ धाम, पाङ्ग्रे कालिका, महादेवस्थान, आदि ऐतिहासिक मठमन्दिर, देवालायहरुको संरक्षण र सम्बर्धनमा ध्यान केन्द्रित हुनेछ ।
  - राइनासकोट, बोहोरा गाउँ लगायत गुरुङ गाउँका घाटु, (सति, बाह्रमासे) कृष्ण चरित्र, स्यार्का, लामा नाच, सोरठी, पाउँदुरे नाँच
  - तामाङ, मगर, कुमाल जातिको भाषा संस्कृति र भेषभुषा संरक्षमा विशेष जोड दिइने छ ।
  - बोराङको बालुन, चक्रतीर्थ धमिलीकुवाको भजन, मोहोरिया वीरभक्ति पार्क, तार्कुघाटको लाखे, रोपाई, गाई-जात्रा, पञ्चैवाजा, सारङ्गी बाजा, तीज, रत्यौली, ठाडो भाका, नानिलै, खाँडो, चेपेघाट, एकादशी, शिवरात्री राइनासकोट आदि मेला पर्वको संरक्षणमा विशेष जोड दिइनेछ ।
  - हरेक जातजातिको भेषभुषा भाषा, रीतिरिवाज, चालचलन, आदिको संरक्षण सम्बर्द्धनमा जातजातिको बाहुल्यता हेरि गुम्बा, मन्दिर, पाटी, पौवा आदिको निर्माण गरिनेछ ।

## पर्यटन विकास तर्फ

- नगरपालिकाको मुल पर्यटन केन्द्रको रुपमा रहेको राईनासकोटको विकास, प्रचार तथा प्रसारलाई निरन्तर अगाडि वढाइनेछ ।
- राइनासकोटमा प्याराग्लाइडिङको व्यवस्थालाई थप प्रचार प्रसार तर्फ अगाडि वढाइनेछ ।
- सर्वोदय सेवा आश्रमलाई एक आरोग्य केन्द्रको रुपमा विकास गरि उक्त स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास, प्रचार तथा तथा प्रसारलाई निरन्तरता दिइनेछ ।
- राइनासकोटलाई मूल होमस्टेका रुपमा भए पनि वरपर छरिएर रहेका गाउँहरु बाहोरागाउँ, आँठस्रोह, पात्लेपानी, प्यारजुङ आदिलाई सहायक होमस्टेको रुपमा विकास गरिनेछ ।
- चेपेघाट, चक्रतीर्थ मन्दिर हुँदै राइनासकोट पुग्ने पर्यटकीय मार्ग र पाउदी देखि मोहोरियाकोट हुँदै राइनासकोट पुग्ने अर्को पर्यटन मार्गको थालनी गरिनेछ ।
- राइनासकोट बाट गौँडा, इलमपाखरी, लिपे लेक हुदै दुधपोखरी जोड्ने पदमार्गको थालनी दुधपोखरी गा.पा. संग समन्वय गरी यसै वर्षदेखि थालनी गरिनेछ ।
- राइनासकोटबाट लिगलिगकोट जोड्ने पदमार्गको थालनी गरिनेछ ।
- धमिलीकुवा लुपुखोला दोभान हुदै शिव ढुन्डुरको प्रचार गरि आन्तरिक पर्यटकलाई आकर्षण गरिनेछ ।
- यस राइनास न.पा. भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा, प्राकृतिक सम्पदा, भौगोलिक अवस्था आदिलाई समेट्ने गरि विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रमको व्यवस्था गरिनेछ ।
- गिद्धे पहरामा (राइनासकोट र आँठस्वाँरा वीच) रक क्लाईमविङको लागि पहिचान र व्यवस्था गरिनेछ ।
- चक्रतिर्थमा रहेको उपल्लो झात्रीथानमा नरहरि शाहका सेनाहरुले युद्ध जित्नका लागि वर मागेको मन्दिर भएको हुनाले यसको ऐतिहासिकता लाई प्रचार गर्न पर्यटकहरुको आकर्षकको केन्द्र मन्दिर वनाइनेछ ।

## मोटर यातयात तर्फ

- नगरपालिका भित्र चलिरहेको नगर यातायातलाई थप प्रभावकारी रुपले व्यवस्थित गरिनेछ । चक्रपथको निर्माण सम्पन्न हुन साथ स्थानीय निवासीहरुको समय माग बमोजिम रिङरोडमा नगर यातयात परिचालन गरिनेछ ।
- प्यारजुङ भञ्ज्याङबाट बेशीसहर, नारायणघाट, पोखरा, काठमान्डौँका लागि नियमित वस सेवा भइरहेका  छ । यसलाई थप व्यवस्थित गरिनेछ ।
- बोराङखोलाबाट बेशिसहर, नारायणघाट, पोखरा, काठमान्डौँका लागि नियमित बस सेवा संञ्चालनलाई अझ प्रभावकारी रुपमा अगाडि वढाइनेछ ।
- नगरपालिका भित्रका सवै वडाहरुमा यातयातको सेवा पुर्‍याइने छ ।
- नगरपालिका भित्र संचालित वस सेवालाई अझ व्यवस्थित बनाईनेछ ।

## सुशासन र संस्थागत विकास तर्फ

- नगरपालिकाको आन्तरिक आय बृद्धिको लागि उद्योग वाणिज्य संघसंगको सहकार्यमा नगर भित्रका सम्पूर्ण उद्यमी व्यवसायीहरुको लगत संकलन गरि सवैलाई नगरपालिकाको करको दायरामा ल्याउने प्रयास गरिने छ ।
- नगरपालिकाका हरेक गतिविधिहरुलाई नगरवासीहरुसम्म सूचना र संञ्चारका माध्यमद्धारा प्रकाशन र प्रशारण गरिने छ । साथै नगरपालिकाको वेभ साइटलाई सूचनाको प्रमुख माध्यमको रुपमा विकास गरिनेछ । आगामी वर्षमा नगरपालिकाको छुट्टै मोवाइल वेभ को विकास गरि स्थानीय जनताहरु माझ हात हातमा सूचना तथा संञ्चारको व्यवस्था मिलाइने छ ।
- नगरपालिकाबाट सञ्चालित कार्यक्रम तथा योजनाहरु प्रभावकारी रुपमा संञ्चालनको लागि अनुगमन टोली गठन गरी अनुगमन कार्यलाई तिव्रता दिइनेछ ।
- नगरपालिकाबाट सवै कार्यक्रम तथा योजनाहरुको सार्वजनिक सुनुवाई र समाजिक परीक्षणको कार्यलाई अनिवार्य गरिनेछ ।
- अन्तिम लेखा परीक्षण वेरुजु हुन नदिन विधि र प्रक्रिया बमोजिम मात्र भुक्तानी हुने प्रणालीको विकास गरिनेछ ।

- नगरपालिका भित्र रहेका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बृद्धिका लागि कार्यक्रम राखिने छ ।
- नगरपालिकामा रिक्त रहेका दरवन्दीहरुमा कर्मचारीको मागलाई तिव्रता दिइनेछ । नगरपालिकालाई आवश्यक अनुसार प्राविधिक तर्फ थप करारमा कर्मचारी राखि नगरवासीको कामकाजलाई सरल बनाइनेछ ।
- नगरपालिकाको लागि आवश्यक पर्ने कानुनको निर्माण गरिनेछ ।
- नगरपालिका भित्र रहेका सवै कर्मचारीहरुलाई सेवाग्राही प्रति नरम र मिठो व्यवहार गर्न एवं छिटो र सरल सेवा उपलब्ध गराउने वातावरण तयार गरिनेछ ।
- कर्मचारीको काम प्रतिको लगानशीलता जवाफदेहिता बृद्धि गर्न कार्य सम्पादनका आधारमा प्रोत्साहन प्रणालीको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको कार्यबोझ तथा जिम्मेवारी समेत विश्लेषण गरि दरवन्दी संरचना मिलाउनकालागि संगठन तथा ब्यवस्थापन अध्यायन गराईने छ ।
- नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडा पत्रको व्यवस्थित गरिनेछ ।

अन्त्यमा,
मैले यस नगरपालिकाको प्रथम नगरसभा तथा दोस्रो नगरसभामा प्रस्तुत गरिएका परिकल्पनाहरुलाई साकार पार्न महत्वपूर्ण भूमिका खेल्नुहुने सम्पूर्ण पदाधिकारीहरु, क्रियाशील राजनैतिक दल तथा दलका प्रमुख ज्यूहरु र नगरवासीहरुलाई धन्यवाद व्यक्त गर्दै यस तेस्रो नगरसभामा पेश गरिएका योजनाहरुलाई विशेष जोड दिदै समुन्नत र शान्त नगरको रुपमा विकास गर्न अहम भूमिका निर्वाह गरि दिनु हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु ।

यस राइनास नगरपालिकाको तेस्रो नगरसभाको बैठकमा महत्वपूर्ण सहभागिता जनाएर यस सभाको गरिमा बढाई दिनु भएकोमा सम्पूर्ण सभाका सदस्य मित्रहरुलाई आभार ब्यक्त गर्दछु । धन्यवाद ।

सिंह बहादुर थापा
(नगर प्रमुख)
राइनास नगरपालिका, लमजुङ